धर्मबहादुर के.सी.
अध्यक्ष

श्री बलबहादुर जैसी :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री काले कामी :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री कर्णबहादुर खत्री :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री ललि दमाई :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री देब बहादुर बोहरा :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री सुनिता बि.क. :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री सामना खत्री :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री उर्द बहादुर पुरी :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री शेर बहादुर वली :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री हर्के पुन :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री नन्दकला :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री मोतिराम खत्री :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री मनिषा :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री टिकाराम केसी :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री कुमार घर्ती :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री प्रविर सार्की :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री ज्योतिका नेपाली :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री नरमा पुन :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री पविता बि.क.:- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री संगीता खत्री :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री दब्रे खत्री :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री भिमबहादुर बाँठा :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री धनबहादुर खत्री :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री पविता सुनार :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री रिता बाँठा :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री भद्रबहादुर बली :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री तिलसरा नेपाली :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री पलबहादुर खत्री :- गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

के.सी.

श्री रामबहादुर जैसी :-  गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री तिलक खड्का :-  गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री लिला नेपाली :-  गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री रमिता खनाल :-  गाउँसभा सदस्य, बाँफिकोट गाउँपालिका ,रुकुम(पश्चिम)

श्री लोकबहादुर कुसारी :- गाउँसभा सदस्य-सचिव, बाँफिकोट गाउँपालिका,रुकुम(पश्चिम)

श्री हेमन्तप्रकाश के.सी.: :- लेखापाल बाँफिकोट गाउँपालिका,रुकुम(पश्चिम)

श्री विरजित के.सी. कार्यालय सहयोगी बाँफिकोट गाउँपालिका,रुकुम(पश्चिम)

प्रस्तावहरु :-

१) आव ०७५/०७६ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

२) आर्थिक ऐन, २०७५ र विनियोजन ऐन, २०७५ सम्बन्धमा ।

३) आव ०७५/०७६ को बजेट सम्बन्धमा ।

४) विद्यालय शिक्षकको लागि अनुदान सम्बन्धमा ।

५) पदाधिकारीहरुको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा ।

६) दलित समुदायको उद्योग निर्माण तथा सिमान्तकृत समुदायको बजेट सम्बन्धमा ।

७) नमुना दलित बस्ती विकास सम्बन्धमा ।

८) वडा सिमाना तथा वडा विभाजन सम्बन्धमा ।

९) योजना आयोजनाको कार्यान्वयन सम्बन्धमा ।

१०) योजना तथा आयोजनाहरुको अनुगमन सम्बन्धमा ।

११) सार्वजानिक सुनुवाई तथा बार्षिक समिक्षा सम्बन्धमा ।

१२) संघ तथा प्रदेशमा माग गर्ने बजेट तथा कार्यक्रम सम्बन्धमा

१३) पदाधिकारी पोशाक भत्ता सम्बन्धमा ।

धर्मबहादुर के.सी.
अध्यक्ष

निर्णयहरु :

निर्णय नं. १ :- आर्थिक वर्ष २०७५/०७६ को बाँफिकोट गाउँपालिकाको नीति तथा कार्यक्रमको व्यापक र दफाबार छलफल गरि तपशील बमोजिम हुनेगरि सर्वसम्मतिले अनुमोदन गरियो ।

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

बाँफिकोट गाउँसभाका उपाध्यक्ष्य महोदय,

गाउँसभाका सदस्यहरु,

सभाका सचिव,

उपस्थित सम्पुर्ण महानुभावहरु ।

१) बाँफिकोट गाउँपालिकाको अध्यक्ष्यको हैसियतले यस सम्मानित गाउँसभा समक्ष आगामी आर्थिक बर्ष ०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्तित भएको छु । यस अवसरमा राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । त्यसैगरि लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नुहुने महान बाँफिकोटका नागरिक र त्यसको सवल एवम् सक्षम नेतृत्व गर्नुहुने सम्पुर्ण बाँफिकोट वासीहरुप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

२) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली संस्थागत भएसँगै बाँफिकोट गाउँपालिकाको स्थिरता, बिकास, र समृद्धिको नविन युगमा प्रवेश गरेको छ । अब राजनैतिक उपलबधिको जगमा उभिएर सबै प्रकारका पछौटेपन तथा आर्थिक सामाजिक विभेदको अन्त्य र चरम गरिबीलाई शुन्यमा पुऱ्याउँदै आधुनिक बाँफिकोट गाउँपालिकाको निर्माणको यात्रा तय गर्नु पर्नेछ । यसै उदेश्यले बर्तमान बाँफिकोट गाउँपालिका समृद्ध बाँफिकोट, सुखी बाँफिकोटबासी बनाउने कार्यदिशामा अघि बढिरहेको छ ।

३) संघीय सरकारको समृद्ध नेपाल, सुखी नेपाली बनाउने दिर्घकालिन उदेश्य अनुरुप आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा यस गाउँपालिका अघि बढिरहेको छ । यस गाउँपालिकाका सबै नागरिकका लागि मर्यादित काम, न्युनतम खाद्य सुरक्षा, आधारभुत स्वास्थ्य र शिक्षाको सुविधा, स्वच्छ खानेपानी र सरसफाई र सुरक्षित आवास जस्ता अत्यावश्यक आवश्यकताहरुको परिपुर्ति नै हाम्रो समाजवादतर्फको यात्राको प्रस्थान विन्दु हुनेछ ।

४, आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम निर्माण गर्दा मैले नेपालको संविधान, नेपाल सरकारको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकास लक्ष्य र गाउँसभाका सदस्यहरुले दिनुभएका सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु । विभिन्न राजनीतिक दल, संघ संस्था, विद्धतवर्ग र यस गाउँपालिका तथा विदेशमा रहनुभएका दिदि बहिनी,दाजुभाईहरुवाट प्राप्त सुझावहरुलाई समेत ध्यान दिएको छु ।

६) यस गाउँपालिकाको स्थानीय सरकारले गाउँपालिकाका सर्वसाधारण जनताले प्रत्यक्ष्य अनुभुति गर्ने,

गाउँसभाका सम्मानित उपाध्यक्षज्यु,

गाउँसभाका सदस्यज्युहरु,

७) अब म यस गाउँपालिकाको आव ०७५/०७६ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

श्रम तथा रोजगारी

८) बाँफिकोट गाउँपालिकाको सामाजिक आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाइनेछ । व्यावसायिक कृषि, सिचाई, खानेपानी, नदी नियन्त्रण , वन, पर्यटन,यातायात पुर्वाधार जस्ता क्षेत्रमा श्रमशक्ति रोजगार कार्यक्रम सञ्चालन गरिने छ । बेरोजगार जनशक्ति दर्ता र स्वरोजगार कार्यक्रम सञ्चालन गरिने छ । श्रम बजारमा माग अनुरुपको सिपयुक्त जनशक्ति आर्पुति गर्न छोटो अवधिका सिपयुक्त तालिम सञ्चालन गरिने छ । समान कामको लागि समान ज्याला लागु गरिने छ ।

९) मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभुत अधिकारको सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभुति गरिनेछ । बालश्रमलाई पुर्ण रुपमा निषेध गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ । महिलाहरुबाट प्रवर्द्धन हुने साना व्यवसाय र स्वरोजगार कार्यका लागि पुँजी, सिप र उद्यमशिलता तालिमं सुनिश्चित गरिनेछ । नवीनतम ज्ञान, सिप र क्षमता भएका उद्यमीलाई व्यवसाय सञ्चालन गर्न सुरुवाती पुँजी उपलब्ध गराउन च्यालेन्ज फण्डको व्यवस्था गरिनेछ ।

१०) बैदेशिक रोजगारीबाट आर्जन भएको पुजी, सीप, प्रविधि र अनुभवलाई यस गाउँपालिकाको उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिने छ ।

स्वास्थ्य

११) यस गाउँपालिकाको छिनखेतमा १५ सैयाको अस्पताल निर्माण कार्यको विस्तार गरिनेछ ।गाउँपालिकालाई पुर्णखोपयुक्त, दिगोपनाको सुनिश्चिता,पुर्ण सरसफाईयुक्त बनाउनुका साथै बाल मृत्युदर तथा मातृमृत्युदर घटाउन महिला स्वयंसेविकाहरु तथा ग्रामिण स्वास्थ्य कार्यकर्ताहरुको परिचालनमा प्रभावकारिता अभिवृद्धि गरिनेछ । आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भावस्था देखिनै प्रसुति सुरक्षा सेवा पुऱ्याइनेछ । यस गाउँपालिकाबाट सञ्चालन हुने बहुक्षेत्रिय पोषण कार्यक्रमको प्रभावकारितामा बृद्धि गरिनेछ । भौगोलिक विकटता तथा अन्य कारणले आधारभुत स्वास्थ्य सेवाबाट बञ्चित हुन पुगेका नागरिकहरुको अवस्थालाई मध्यनजर गर्दै सेवा प्राप्त हुन नसकेका क्षेत्रमा आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ । असहाय र विपन्न परिवारको लागि तोकिएको दायरामा स्वास्थ्य उपचार सहुलियतको व्यवस्था गरिनेछ ।

१२) ध्यान र योगको माध्यमबाट स्वस्थ शरिर, सकारात्मक सोँच र व्यक्तित्व विकास गर्न नागरिक आरोग्य कार्यक्रम सञ्चालन गरिने छ। सबै सार्वजानिक स्थलमा धुम्रपान र मदिरा सेवन निषेध गरिनेछ ।मदिरा र सुर्तिजन्य पदार्थको उत्पादन, आयात तथा विक्रि वितरणलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

## शिक्षा

१३) सबै बालबालिकाहरुलाई शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय भर्ना अभियानलाई अघि बढाइ आगामी वर्ष नै विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना गराइनेछ । सम्पुर्ण बालबालिकालाई विद्यालय ल्याऔं, टिकाऔं र सिकाऔं अभियान सञ्चालन गरिनेछ । विद्यालयलाई अपाङ्गतामैत्री तथा बालमैत्री बनाइने छ ।

१४) विद्यार्थी संख्या, विषयगत आवश्यकता र भौगोलिक अवस्था समेतका आधारमा विद्यमान शिक्षक दरबन्दीको न्यायोचित पुर्नवितरण गरिनेछ । बालविकास, आधारभुत र माध्यामिक तहको शिक्षक व्यवस्थाको लागि गाउँपालिकाबाट अनुदानको व्यवस्था गरिनेछ । प्राविधिक शिक्षा सम्बन्धित निकायमा पहल र समन्वय गरि सञ्चालनमा ल्याइने छ। कक्षा ११ र १२ मा अध्ययनरत विपन्न, दलित, अपाङ्ग, असहाय र शहीदपरिवारका छात्रछात्राहरुका लागि लिइने मासिक शिक्षण शुल्क १५ प्रतिशतले छुट दिने नीति लिइनेछ ।

## युवा तथा खेलकुद

१५) बालबालिका तथा युवाहरुको शारिरीक तथा मानसिक विकासका लागि खेलकुदलाई जोड दिइनेछ । यस गाउँपालिकाबाट खेल मैदान निर्माण, खेलकुद सामग्रीको व्यवस्थापन गरिनेछ । युवा स्वरोजगारमुलक आधारभुत तालिमको व्यवस्थापन गरिनेछ। र यसको श्रोत प्रदेश तथा संघबाट विशेष अनुदानको माग गरिनेछ।

## महिला, बालबालिका तथा जेष्ठ नागरिक

१६) विपन्न र पिछडिएका सबै महिलाहरुलाई सिप तथा उद्यमशिलता विकास मार्फत काम र रोजगारीका अवसरमा पहुँच पुऱ्याई स्व आर्जन मार्फत आत्मनिर्भर बनाइनेछ । बालविवाह,दाइजो प्रथा, बोक्सी, सबै प्रकारका कुरिती, अन्धविश्वास र महिला हिंसाको विरुद्धमा सचेतना अभिवृद्धि गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको मनोबल, मर्यादा, सिप र क्षमता बढाउन पुर्नस्थापनाका कार्यक्रमहरु लगायतका विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । बेवारिसे, जोखिमपुर्ण र अव्यवस्थित रुपमा जीवन बिताइरहेका असहाय बालबालिका एवम् अन्य नागरिकहरुको समेत उद्धार , व्यवस्थापन र पुर्नस्थापना गरिनेछ । महिला शसक्तिकरणका लागि पती पत्नीको संयुक्त जग्गाधनी प्रमाणपुर्जा बनाउन प्रोत्साहन गरिने छ ।

## कृषि